# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ११३/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेत ....................................................................................................................२ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ....................................१ विपक्षी

सूचना अधिकारी, कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ....................................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरममा आवद्ध नोदनाथ त्रिताल समेतले कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७१।०८।१४ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०८।२८ को आदेश बमोजिम निवेदकले माग गरेको सूचना उपलब्ध गराई आदेश कार्यान्वयन गर्न लेखी पठाएकोमा कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७१।१२।२९, च.नं.२०७ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराइएको पत्रको बोधार्थ आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत निवेदनको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल वैशाख १७ गते रोज ५ शुभम् ।